लुम्बिनी प्रदेश सरकार
वन तथा वातारण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय
रूकुम (पूर्वी भाग)
रूकुमकोट

## ओखर रोपणका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८२/०६/२४)

उपरोक्त सम्बन्धमा यस कार्यालयको चालु आ.व. २०८२/०८३ को जडिवुटी तथा गैरकाष्ठ वन पैदावार विकास कार्यक्रम अनुसार "उच्च पहाडी क्षेत्रमा ओखर विकास कार्यक्रम" को कार्यान्वयनका लागि निजी जग्गा / निजी वन / सामुदायिक वन / सार्वजनिक जग्गामा ओखर वृक्षारोपण/ पुनरोपण कार्यक्रममा सहभागी हुन इच्छुक व्यक्ति/समुह/ कृषि सहकारी / कृषि वन समुह / सामुदायिक वन उपभोक्ता समुहले वृक्षारोपण गर्न चाहेको ओखरको विरुवा संख्या तथा रोपण गरीने क्षेत्रफल खुलाइ यो सूचना प्रकाशित भएको मितिले ३१ दिन भित्र तपसिलका आवश्यक कागजातहरु संलग्न राखि यस डिभिजन वन कार्यालयमा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवश्यक कागजातहरुः

१. व्यहोरा खुलेको निवेदन (पहिलो पटक वृक्षारोपण गर्नेको हकमा रोपण गर्न ईच्छयाइएको विरुवा संख्या र रोपण गरिने अनुमानित क्षेत्रफल तथा पुनरोपण गर्नेको हकमा पहिले रोपण गरिएको विरुवा संख्या र सो मध्य बाँचेका विरुवा संख्या खुलाई पुनरोपण गर्न ईच्छयाइएको विरुवा संख्या पेश गर्नु पर्नेछ । उक्त व्यहोरा खुलाई क्लस्टरमा संयुक्त निवेदन पनि पेश गर्न सकिनेछ । जस्तैः चार जनाले प्रति व्यक्ति १०० का दरले विरुवा रोप्ने गरि पनि निवेदन पेश गर्न सकिनेछ) ।

२. वृक्षारोपण गर्ने जग्गाको जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि,

३. चालु आ.व. २०८२/०८३ को मालपोत तिरेको रसिदको प्रतिलिपि,

४. नेपाली नागरिकताको प्रतिलिपि,

५. समुहको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि र बैठकको निर्णयको प्रतिलिपि ।

द्रष्टव्यः दरखास्त संकलन पश्चात वृक्षारोपण गर्न प्रस्ताव गरीएको क्षेत्रको कार्यालयबाट अनुगमन गरी सोही बमोजिम ओखरको विरुवा निशुल्क उपलब्ध गराइनेछ । विस्तृत जानकारीको लागि वरिष्ठ वन अधिकृत श्री संतोष चौधरी (९८५११५९६०७) सँग सम्पर्क गर्नुहुन अनुरोध छ ।


फोन नं. ०८८-४१३११५, Email:dforukumpurba@gmail.com, Website:dforukumeast.lumbini.gov.np